नेपाल सरकार
उद्योग मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

( .............................. शाखा(

त्रिपुरेश्वर
काठमाडौं, नेपाल ।

पत्र संख्या-: ०७३/७४
चलानी नम्बर-: ९९

मिति :२०७३/०४/३१

बिषय :अद्यावधिक भएका कम्पनीहरुको मात्र व्यवसायिक स्वीकृति/अनुमति/इजाजत नवीकरण गरिदिने ।

श्री नेपाल सरकारका सवै बिभागहरु ।

कम्पनी ऐन, २०६३ अनुसार यस कार्यालयमा कम्पनीहरु दर्ता भएपछि यसैसाथ संलग्न तालिका अनुसारका कागजात/विवरणहरु नियमित रुपमा यस कार्यालयमा प्रस्तुत गरेपछि बार्षिक रुपमा कम्पनी अद्यावधिक हुने व्यवस्था छ । हाल १,५०,००० भन्दा बढी कम्पनीहरु दर्ता भएपनि एक तिहाई भन्दा कम संख्याका कम्पनीहरुमात्र अद्यावधिक भएको र अन्य कम्पनीहरु दर्ता पछि सम्पर्कमा नरहेको, ऐन अनुसार अद्यावधिक हुने नगरेको एंव अद्यावधिक नभएकै कम्पनीहरुले समेत बिभिन्न बिभागबाट व्यवसायीक स्वीकृती प्राप्त गने, अनुमति/इजाजत नवीकरण गर्ने गरेको पाइएको छ । यसरी अद्यावधिक नभएका कम्पनीहरुसंग नेपाल सरकारको निकायहरु र सरकारी स्वामित्व प्राप्त निकायहरुबाट समेत कारोवार हुने गर्दा Corporate Governance फितलो हुन गएको, राजश्व समेत उठाउन बाधा पुगेको हुँदा आगामी दिनमा त्यस बिभाग/कार्यालयबाट सम्वन्धित कम्पनीहरुलाई व्यवसायिक स्वीकृति प्रदान गर्दा वा इजाजत/अनुमति पत्र नवीकरण गर्दा यस कार्यालयबाट जारी गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिबार्य रुपमा माग गरिदिनु भई कम्पनी प्रशासनलाई चुस्त र प्रभावकारी वनाउन सहयोग पुर्याई दिनु हुन अनुरोध गरिन्छ ।

प्रेमकुमार श्रेष्ठ
रजिष्ट्रार

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@orc.gov.np, URL/Website : www.ocr.gov.np

**१२. कम्पनी संस्थापन पश्चात कम्पनीहरुले कार्यालयमा पेश गर्नुपर्ने कागजातहरुको विवरण,**

| सि.न. | विवरण | समयावधि | जरिवाना |
|---|---|---|---|
| १. | प्रवन्धपत्र र नियमावलीमा भएको संसोधन (दफा २१.१) | कम्पनीले निर्णय गरेको ३० दिन | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- तर वार्षिक रु.१०००/-मा नवढ्ने गरी, |
| २. | शुरुको जगेडा शेयर तथा जगेडा शेयर अभिलेख (दफा ३१) | शेयर बाडफाँड गरेको ३० दिनभित्र | " " |
| ३. | कम्पनीको स्थितिको संक्षिप्त व्यहोरा (दफा ५१) | वार्षिक साधारण सभा भएको ३० दिनभित्र | कम्पनीको कुल चुक्ता पुँजीको आधारमा (दफा ८१ वमोजिम) |
| ४. | पव्लिक लि. र मुनाफा वितरण नगर्ने कम्पनीले जानकारी गराउनु पर्ने (दफा७८) | वार्षिक साधारण सभा वस्नु भन्दा २१ दिन अगाडि | " " |
| ५. | आर्थिक प्रतिवेदन (दफा ८०) | पव्लिक लि. कम्पनीको वार्षिक साधारण सभा गरेको ३० दिनभित्र र अन्य प्रा. लि. ले आर्थिक वर्ष समाप्त भएपछि ६ महिना भित्र, | " " |
| ६. | संचालक पद वहालपछि लिखित जानकारी (दफा ९२.३) | वहाल रहेको ७ दिन भित्र, | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- वार्षिक रु.१०००/- नवढ्ने गरी, |
| ७. | लेखा परीक्षक नियुक्ति | कम्पनीले निर्णय गरेको १५ दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- वार्षिक रु.१०००/- नवढ्ने गरी, |
| ८. | संचालक र कम्पनी सचिवको विवरण (दफा १०७.२) | कम्पनीले निर्णय गरेको १५ दिनभित्र | " " |
| ९. | नाम परिवर्तन भएको जानकारी (दफा १२०) | कार्यालयले निर्णय गरेको ३० दिनभित्र सूचना प्रकाशित गरी कार्यालयमा पेश गर्नुपर्ने, | दफा ५१ सरह |
| १०. | कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगानाको जानकारी पेश गर्ने (दफा १८४) | ३ महिना भित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- वार्षिक रु.१०००/- नवढ्ने गरी, |